# गण्डकी प्रदेश सभा
## आठौँ अधिवेशन
## बैठक संख्या -१५
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**मिति २०८२ साल असार ८ गते, आइतवार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:२८** बजे प्रारम्भ भयो।

तत्पश्चात **आकस्मिक समयमा माननीय भीम बहादुर कार्कीले** मन्त्रालयगत बजेट छलफलको क्रममा **सम्बन्धित मन्त्रायका सचिवहरुको सभामा उपस्थितिका** बारेमा आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात **आकस्मिक समयमा माननीय दोर्ण कुमारले सडक दुर्घटना र दुर्घटनामा परि घाईते भएका व्यक्तिहरुको उपचारको सम्बन्धमा** आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा **माननीय प्रकाश वराल, माननीय पञ्चराम गुरुङ, माननीय बेद बहादुर गुरुङ, र माननीय श्यामराजा महतले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय आर्थिक **मामिला मन्त्री डा. टकराज गुरुङले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त **प्रस्ताव सर्वसम्मतीले** पारित भयो ।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथिको** छलफल प्रारम्भ भयो ।

तत्पश्चात **माननीय सभामुखले विधेयकको सम्बन्धमा दुई जना माननीय सदस्यहरुबाट एक/एक वटा गरी जम्मा दुई वटा खर्च कटौतीको प्रस्तावको सूचना दर्ता हुन आएको** व्यहोरा जानकारी गराउँनुभयो ।

तत्पश्चात **माननीय सभामुखले आजको छलफलमा विधेयकको वन तथा वातावरण मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि समूहीकृत छलफल हुने व्यहोरा सभालाई** जानकारी गराउँनुभयो ।

तत्पश्चात **विधेयकको वन तथा वातावरण मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि समूहीकृत छलफल** प्रारम्भ भयो। उक्त छलफलमा माननीय विकल शेरचन, माननीय भीम बहादुर कार्की, कुसुम बुढा पुन, माननीय विन्दु पौडेल, माननीय पार्वती तामाङ, माननीय नन्दकला दमै नेपाली, माननीय देवका पहारी त्रिपाठी र माननीय भक्त बहादुर कुँवरले भाग लिनुभयो ।

**तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल असार ९ गते विहान ११ बजे** बस्नेगरी **दिनको १:२१** बजे स्थगित गर्नुभयो।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव